प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,उदयपुर
प्रदेश नं.१, नेपाल

फोन नं. ०३५-४२०१३०
E-mail : akcudaypur@gmail.com

# कार्यक्रम संचालनका लागि प्रस्तावना पेश गर्ने बारे सूचना

प्रथम पटक सुचना प्रकाशित मितिः २०७८/०५/०३

कृषि ज्ञान केन्द्र, उदयपुरको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि व्यावसाय प्रवर्द्धन कार्यविधि २०७६ मा तोकिएका शर्तहरु पालना गरी देहाय अनुसारका कार्यक्रमहरु संचालन गर्न उदयपुर जिल्ला भित्रका रीतपुर्वक दर्ता भएका इच्छुक कृषि सहकारी संस्था, कृषक समूह, कृषि फर्म तथा निजी कृषि उद्यमीहरुले आवश्यक कागजातहरु संलग्न राखी यस केन्द्रमा २०७८/०६/०१ (३० दिन भित्र) सम्म तोकिएको अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नु हुन सम्पूर्ण कृषक महानुभावहरुमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । रीत नपुगेका र म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन साथै संचालन गरिने कार्यक्रमको विवरण समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

| सि. नं. | आयोजना/ क्रियाकलापको विवरण | ईकाइ | परिमाण | आयोजनाको अधिकतम साझेदारी रकम | कार्यक्रम संचालन गर्नका लागि आवश्यक पर्ने आधारहरु | अनुदान प्राप्त गर्नसक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १. | कागती खेती मिसन कार्यक्रम | संख्या | ५ | कुल लागतको ५०-८५% वा बढीमा रु. २ लाख ५० हजार प्रति इकाई | १. कम्तीमा मध्य पहाडमा ५ रोपनी र तराईमा १० कठ्ठाको क्लष्टर हुनु पर्नेछ । | १. कृषि फार्म/कृषि उद्यमी/कृषक समूह/ कृषि सहकारी |
| २. | व्यावसायिक फलफुल बगैंचा स्थापना सहयोग | संख्या | ७ | कुल लागतको ५०-७५% वा बढीमा रु. ३ लाख प्रति इकाई | १.फलफूल जात अनुसार कम्तीमा पहाडमा २ देखि ५ रोपनी र तराईमा ४ देखि १५ कठ्ठाको क्लष्टर हुनु पर्नेछ । | १.कृषि फार्म/कृषि उद्यमी/कृषक समूह/ कृषि सहकारी |
| ३. | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | संख्या | ३ | कुल लागतको ५०-७५% वा बढीमा रु. ३ लाख प्रति इकाई | १. राजमार्ग आसपास बसोबास भएको हुनुपर्नेछ ।<br>२.तरकारी उत्पादन गर्ने जग्गाको जम्मा क्षेत्रफल मध्ये तराईमा ५ कठ्ठामा तथा पहाडमा २ रोपनीमा अनिबार्य उन्नत प्रविधि प्रदर्शन गर्नुपर्नेछ । | १.कृषक समूह/कृषि सहकारी/ फार्म/ संस्थाहरु |
| ४. | बीउ विजन आत्मनिर्भर कार्यक्रम पहिलो वर्ष | संख्या | ३ | कुल लागतको ५०-७५% वा बढीमा रु. २ लाख प्रति इकाई | १.तराईमा न्यूनतम १५हेक्टर र पहाडमा ८ हेक्टरमा विउ उत्पादन कार्य संचालन गर्नुपर्ने । | १.कृषक समूह/कृषि सहकारी संस्था/निजी कृषि उद्यमी/निजी कम्पनी |
| ५. | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | संख्या | २० | कुल लागतको ५०-७५% वा बढीमा रु. १ लाख प्रति इकाई | १.उत्पादनमा आधारित व्यवसाय उन्मुख कार्यक्रम संचालन गर्नु पर्नेछ ।<br>२.व्यवसायिक प्रस्तावना पेश गर्नु पर्नेछ । | १.महिला/दलित/ विपन्न/पिछडिएको समुदायको कृषकहरु |
| ६. | युवा लक्षित च्याउ/ मह/तरकारी उत्पादन कार्यक्रम | संख्या | ४० | कुल लागतको ५०-७५% वा बढीमा रु. १ लाख प्रति इकाई | १.पहाडमा ५ रोपनीमा तरकारी खेति तथा २ वटा थोपा सिंचाई सहितको प्लाष्टिक टनेल निर्माण गर्नुपर्नेछ ।<br>२.तराईमा १ हेक्टर मा व्यवसायिक तरकारी खेति गर्नु पर्नेछ ।<br>३.मौरीपालन २० घार, च्याउ खेतिमा २ वटा टहरा हुनु पर्नेछ । | १.१८ देखि ५० वर्ष उमेर ननाघेका, विदेशबाट फर्केका तथा विदेश जान लागेका युवाहरु । |

महेश कुमार चौधरी
निमित्त प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | प्राङ्गारिक खेती प्रर्वद्धन अभियान कार्यक्रम | संख्या | २ | कुल लागतको ५०-७५% वा बढिमा रु. ३२ लाख प्रति इकाई | १.कार्यविधिमा निर्धारण गरे बमोजिम हुनेछ । | १.कृषक समूह/कृषि सहकारी संस्था/निजी कृषि उद्यमी/फार्म/ व्यवसायिक कृषकहरु |
| ८. | कृषि बजार तथा संकलन केन्द्र निर्माण | संख्या | | कुल लागतको ८५% वा बढीमा रु. २० लाख प्रति इकाई | १.तराईमा तीन कठ्ठा र पहाडमा डेढ कठ्ठा जग्गा धनी पुर्जाको प्रमाणपत्र वा संस्थाको आफ्नै जग्गा नभएमा कम्तिमा २० वर्षसम्म जग्गा लिजमा लीएको कानुन सम्मत प्रमाण । | १.स्थानिय तह/कृषक समूह/उद्योग वाणिज्य संघ/कृषि सहकारी संस्था/कृषि उपज बजार संचालक समिति |
| ९. | नमुना कृषि फार्म स्थापना सहयोग कार्यक्रम | संख्या | ५ | कुल लागतको ५०-७५% वा बढीमा रु. ७ लाख प्रति इकाई | १.प्रस्तावनाका आधारमा एक स्थानिय तह एक नमूना फार्म हुनु पर्नेछ ।<br>२.प्राङ्गारिक र आईपीएम कृषि उत्पादन प्रविधि अलम्बन गर्ने फार्मलाई प्राथमिकता दिईने छ । | १.कृषि उद्यमी/कृषि फार्म/कृषक समूह/ कृषि सहकारी |
| १० | बगर खेति विकास तथा प्रवर्द्धन कार्यक्रम | संख्या | १० | कुल लागतको ५०-७५% वा बढीमा रु. १ लाख प्रति इकाई | १.बगर खेति गरिने स्थल नदी खोला किनार आसपासको उकास वा बगर क्षेत्रमा क्लष्टरमा कार्यक्रम संचालन हुनु पर्नेछ ।<br>२.कम्तीमा पाचँ विगहा क्षेत्रफल गर्नु पर्नेछ । | १.कृषक/कृषि उद्यमी/ कृषक समूह/कृषि सहकारी |
| ११. | खेर गएका सार्वजनिक जग्गाहरुमा फलफूल खेति प्रवर्द्धन कार्यक्रम | संख्या | २ | कुल लागतको ५०-७५% वा बढीमा रु. ३ लाख ५० हजार प्रति इकाई | १.कम्तीमा तराईमा ५ कठ्ठा र पहाडमा ३ रोपनी क्षेत्रफल हुनु पर्नेछ ।<br>१.एकै ब्लक, सिमा जोडिएको जग्गा तथा अधिकतम क्षेत्रफलमा हुने प्रस्तावलाई प्राथमिकता दिईने छ । | १.स्थानिय तह/ सरकारी वा सार्वजनिक निकाय/स्थानिय मठ, मन्दिर, स्कुल, कलेज, गुठी तथा सामुदायिक संघ संस्थाको साझेदारी/कृषक समूह/ कृषि सहकारी संस्था/ कृषि उधमीहरुले संचालन गर्न सकिने |
| १२. | रैथाने वाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो, फापर, | संख्या | ३ | कुल लागतको ५०-७५% वा बढीमा रु. १ लाख प्रति इकाई | १.एक स्थानिय तहमा कम्तीमा २० रोपनीको क्लष्टर हुनु पर्नेछ ।<br>२.कृषकको हकमा ५ रोपनी र कृषक समूह, कृषि सहकारी सामुदायिक वीउ बैंक व्यवस्थापन समितिको हकमा क्लष्टरमा कम्तिमा २० रोपनीमा गर्नु पर्नेछ । | १.कृषक/कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ व्यवस्थापन समिति |
| १३. | एक पालिका एक नर्सरी स्थापना सहयोग कार्यक्रम | संख्या | ५ | कुल लागतको ५०-७५% वा बढीमा रु. १ लाख ५० हजार प्रति इकाई | १.नर्सरी स्थापनाको लागि तराईमा तीन कठ्ठा पहाडमा २ रोपनी को जग्गा धनीपुर्जाको प्रमाणपत्र वा संस्थाको आफ्नै जग्गा नभएमा कम्तिमा १० वर्षको करारनामापत्र<br>२. कम्तीमा ५ वर्ष सम्म विरुवा उत्पादन गर्नु पर्नेछ । | १.कृषक समूह/कृषि सहकारी संस्था/निजी उद्यमी |

आवश्यक कागजातहरुः

१. रु. १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आवेदन ।
२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. प्रचलित कानुन अनुसार आधिकारिक निकायमा संस्था, फर्म, समूह तथा सहकारी दर्ता प्रमाणपत्र (नविकरण भएको) र बैठक निर्णय प्रतिलिपि ।
४. कार्यक्रम संचालन गर्ने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
५. कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना ।
६. सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखाको सिफारिस पत्र ।
७. संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी ।

महेश कुमार चौधरी
निमित्त प्रमुख

८. गत आ.व. को लेखा परिक्षण प्रतिवेदन विवरण ।

९. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

१०. जग्गाधनीपुर्जाको प्रतिलिपि वा स्थानिय तहले सिफारिस गरेको जग्गाको क्षेत्रफल

११. सम्बन्धित विषयमा प्रवाधिक ज्ञान भए सो को प्रतिलिपी ।

१२. आवेदकले एकै प्रकृतिका अनुदान अन्य निकायबाट नलिएको वा नलिने स्वःघोषणा पत्र ।

१३. लिजमा लिएको जग्गाको हकमा १० वर्षे करारनामा वा संकलन केन्द्रको हकमा २० वर्षको करारनामा वा सम्झौता पत्र ।

१४. यस अघि सोहि कार्यक्रमको लागि समिति दर्ता भएको भए सोको प्रतिलिपि।

१५. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र।

१६. कार्यविधिमा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु ।

१७. प्रस्तावना निवेदन दस्तुर व्याक्तिगत रु. १०० र संस्थागत रु. २०० कृषि ज्ञान केन्द्र उदयपुरको कार्यालय कोड नं. ३१२०१११०११ राजश्व शिर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ ।

आवश्यक जानकारीको लागी कृषि ज्ञान केन्द्र उदयपुरको फोन नं. ०३५-४२०२६३/४२०१३०/९८५२८२९१३० मा सम्पर्क गर्न सक्नुहुनेछ। साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ को वेवसाईट **www.molmac.p1.gov.np** वा कृषि विकास निर्देशनालयको वेबसाइट **www.doad.p1.gov.np** वा कृषि ज्ञान केन्द्र उदयपुरको वेबसाइट **udayapur.akc.gov.np** बाट "कृषि व्यवसाय प्रवद्धन अनुदान कार्यविधि २०७६" डाउनलोड गर्न सकिनेछ ।

**महेश कुमार चौधरी**

**निमित्त प्रमुख**